■ प्रतिनिधिसभा विघटनबारे सर्वोच्चलाई प्रधानमन्त्री कार्कीको जबाफ

# यो सरकार नियमितभन्दा फरक छ, मेरो नियुक्ति संविधानअनुसार नै हो

■ सौर्य समाचार

काठमाडौँ । प्रधानमन्त्री सुशीला कार्कीले प्रतिनिधिसभा विघटनविरुद्ध दायर रिटहरूमाथि सर्वोच्च अदालतमा लिखित जबाफ पेस गर्दै आफू संविधानअनुसार नै प्रधानमन्त्री नियुक्त भएको स्पष्ट गरेकी छन् । उनले प्रतिनिधिसभा विघटनबारे सर्वोच्चलाई दिएको लिखित जबाफमा यस्तो दाबी गरिएको हो । प्रधानमन्त्री तथा प्रधानमन्त्री कार्यालयका तर्फबाट कानुनसचिव फडिन्द्र गौतमले एउटै बेहोराको लिखित जबाफ पेस गरेका हुन् ।

जबाफमा २७ भदौमा गठन भएको कार्की सरकार नियमित प्रक्रियाबाट बन्ने सरकारभन्दा भिन्न प्रकृतिको भएको उल्लेख गरिएको छ । प्रधानमन्त्री कार्कीले प्रतिनिधिसभा विघटन संविधानसम्मत रहेको दाबी गर्दै आसन्न निर्वाचन रोक्नु अर्को अस्थिरता र विद्रोह निम्त्याउने चेतावनीसमेत दिएकी छन् । 'नागरिक नै राज्यसत्ताका वास्तविक स्रोत भएकाले अन्तिम निर्णयकर्ता जनताकै ताजा जनादेश हो,' जबाफको एउटा बुँदामा भनिएको छ ।

कार्कीले तत्कालीन प्रतिनिधिसभाले उत्तरदायी सरकार गठन गर्न नसक्दा नागरिक असन्तुष्टि तीव्र भएको र त्यही कारण नयाँ जनादेशमा जानुपर्ने अपरिहार्य अवस्था बनेको तर्क गरेकी छन् । विघटनको अर्थ प्रतिनिधिसभा कहिल्यै नबन्ने नभई, नयाँ वैधानिक संयन्त्र निर्माणका लागि मार्ग प्रशस्त गर्नु रहेको उनको धारणा छ । निर्वाचन आयोगमा दर्ता भएका पुराना तथा नयाँ राजनीतिक दलहरूको सक्रियताले पनि देश निर्वाचनमा अघि बढिसकेको संकेत दिएको जबाफमा उल्लेख छ ।

जबाफमा रिट निवेदकले मागेजस्तो प्रतिनिधिसभा पुनःस्थापना गर्ने आदेश जारी गर्नु नपर्ने र दायर सबै रिट खारेज गर्नुपर्ने पनि माग गरिएको छ । उनका अनुसार सुशासनयुक्त सरकार नबन्नु प्रतिनिधिसभा र कार्यपालिका दुवैको असफलता भएकाले जनताले दुवै संरचना अस्वीकृत गरिसकेका थिए । कार्कीले धारा ६१(४) बमोजिम आफूलाई ६ महिनाभित्र निर्वाचन गराउने प्रमुख जिम्मेवारीसहित प्रधानमन्त्री नियुक्त गरिएको भन्दै आफ्नो सरकार 'अविच्छिन्न' प्रकृतिको नभएको स्पष्ट गरेकी छन् । उनका अनुसार प्रतिनिधिसभा विघटनपछि



फागुन २१ गते मिति तोकिएको निर्वाचनका तयारीमा सरकारले सबै संयन्त्रलाई सक्रिय बनाइसकेको छ ।

## 'भ्रष्टाचार विरुद्धको कारबाही रोकिएको छैन'

यसैबीच, प्रधानमन्त्री सुशीला कार्कीले भ्रष्टचार विरुद्धको कारबाही नरोकिने बताएकी छन् । जेनजी आन्दोलनको मर्मअनुसार सरकारले काम गरिरहेको र निर्वाचनको तयारीसँगै भ्रष्टाचार विरुद्धको कारबाही सँगसँगै अघि बढिरहेको उनले स्पष्ट पारिन् । नवगठित प्रगतिशील लोकतान्त्रिक पार्टीका अध्यक्ष सुदन किराती नेतृत्वको प्रतिनिधिमण्डलसँगको बुधबार सिंहदरबारमा भएको भेटका क्रममा प्रधानमन्त्री कार्कीले भनिन्, 'हामी काम गर्न नै आएको हो । जे सकेको गरिरहेका छौँ । युवाले बलिदानी दिएर गरेको विद्रोहको मर्मअनुरूप जसरी पनि हामीले काम गर्नु छ । यो वा त्यो बहाना गरेर पन्छिने छुट छैन, हामी रोकिँदैनौँ ।'

निर्वाचनको तयारी र सुशासनको जग बसाल्ने काम सँगसँगै गरिरहेको उनले बताइन् । भ्रष्टाचारका विषयमा छानबिन गर्न राज्यका स्थापित संरचना नै धेरै रहेको अवस्थामा थप अर्को आयोग नबनाइएको उनले प्रष्ट्याइन् । प्रधानमन्त्री कार्कीले भनिन्, 'हामी कहाँ अख्तियार दुरूपयोग अनुसन्धान आयोग छ, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग छ । केन्द्रीय अनुन्धान ब्युरो छ, विगतमा ती निकायलाई प्रभावकारी रूपमा काम गर्न नदिइएको हुन सक्छ । दलीय प्रभाव परेको हुन सक्छ, हामी कुनै प्रकारको दबाब दिँदैनौँ । ती निकायले पूर्ण स्वतन्त्रताका साथ काम गरुन्, प्रभावकारी ढंगले चल्न सकुन्, समानान्तर रूपमा धेरै संरचना बनाएर मात्र नतिजा आउने होइन । मूल कुरा काम गर्ने वातावरण दिनु अहिलेको आवश्यकता हो ।' अहिले अख्तियारले आफ्नो रफ्तार बढाइरहेको उनले बताइन् ।

## एमालेले दायर गरेको रिटमा विपक्षीसँग लिखित जबाफ माग

प्रतिनिधिसभा विघटनविरुद्ध नेकपा (एमाले) ले दायर गरेको रिटमा सर्वोच्च अदालतले विपक्षीसँग लिखित जबाफ माग गरेको छ । सर्वोच्चले बाटाका म्यादबाहेक ७ दिनभित्र लिखित जबाफ पेस गर्न विपक्षीका नाममा आदेश गरेको हो । विघटित प्रतिनिधिसभाका एमाले संसदीय दलका मुख्य सचेतक महेश बर्तौलासहितले दायर गरेको रिटमा बुधबार सुनुवाइ गर्दै प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत नेतृत्वको संवैधानिक इजलासले यस्तो आदेश दिएको अदालत स्रोतले जानकारी दियो ।

संवैधानिक इजलासका अन्य न्यायाधीशमा न्यायाधीश सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाल र डा.मनोजकुमार शर्मा थिए । प्रतिनिधिसभा विघटन असंवैधानिक भन्दै एमाले सांसदहरूको हस्ताक्षरसहित बर्तौला र सचेतक सुनिता बरालले १० मंसिरमा सर्वोच्चमा रिट दायर गरेका थिए । गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको बलमा प्रधानमन्त्री बनेकी सुशीला कार्कीले भदौ २७ गते प्रतिनिधिसभा विघटन गर्न सिफारिस गरेकी थिइन् ।

यसपछि राष्ट्रपति राष्ट्रपति रामचन्द्र पोडेलले प्रतिनिधिसभा विघटन गरेका थिए । यसलाई एमालेलगायत कतिपयले असंवैधानिक भन्दै आएका छन् । प्रतिनिधिसभा विघटनविरुद्ध परेका अन्य रिट पनि संवैधानिक इजलासमा विचाराधीन छन् ।

# बजेट कटौती र सेवासुविधा खोसिएको विषयमा राष्ट्रियसभा सांसद र अर्थमन्त्रीबीच नोकझोक

■ सौर्य समाचार



काठमाडौँ । सरकारले चालु आर्थिक वर्षको बजेटमा परेका केही योजनाको कटौती र राष्ट्रियसभा सांसद तथा पूर्वविशिष्टहरूको स्वकीय सचिवलगायत सेवा सुविधा खोसेको विषयमा संसदीय समितिमा नोकझोक चलेको छ । संघीय संसद् राष्ट्रियसभा अन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिको बुधबारको बैठकमा सांसदहरू र अर्थमन्त्री रामेश्वरप्रसाद खनालबीच आरोप-प्रत्यारोप भएको हो । अहिलेको सरकारले राष्ट्रियसभाप्रति बदलाको भावले प्रेरित भएर काम गरिरहेको आरोप समितिका सदस्यहरूले लगाइरहँदा अर्थमन्त्री खनालले त्यसको प्रतिवाद मात्र गरेनन् अतिरञ्जित लाञ्छनाको पुष्टि गर्न चुनौतीसमेत दिए ।

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि गठित विद्यमान सरकारले आर्थिक अनुशासन कायम गर्ने र आगामी निर्वाचनका लागि खर्च जुटाउने भन्दै चालु आर्थिक वर्ष २०८२/०८३ को बजेटमा परेका टुक्रे आयोजनाको कटौती गरेको थियो । पूर्वतयारी नसकिएका, राजनीतिक पहुँच र शक्तिका आधारमा बजेटमा परेका, ३ करोड रुपैयाँभन्दा कम लागतका टुक्रे आयोजना कटौती गर्ने नीति सरकारले लिएको छ । त्यस्तै, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने भन्दै गत ५ असोजमा बसेको मन्त्रिपरिषद् बैठकले कानुनविपरीतका सेवा सुविधा कटौती गर्ने निर्णय गरेको थियो ।

सुशासन समितिको बुधबारको बैठकमा सांसदहरूले यी २ विषयलाई पेचिलोसँग उठाएका हुन् । समितिका सदस्य भुवनबहादुर सुनारले राजनीतिक दल र सांसदहरूप्रति अहिलेको सरकारको धारणा के हो ? भन्दै प्रश्न गरे । 'राष्ट्रियसभाका सांसदको स्वकीय सचिवको सेवा सुविधा कटौती भएको छ । बजेटमा परेका माननीयका योजना काटिए । हामी अन्यायमा पर्‍यौँ,' उनको भनाइ थियो, '३ करोड रुपैयाँभन्दा कमका आयोजना काट्ने भनिएको छ । राष्ट्रिय सभाका सांसदका १०० जति पनि योजना पनि बजेटमा परेका छैनन् । त्यसमा पनि सबै विकास योजना कटौती गरेर त हुँदैन होला ।'

अर्का सांसद विष्णुबहादुर विश्वकर्माले पनि सांसदको स्वकीय सचिव कटौती गरेकोप्रति आक्रोश पोखे । 'राष्ट्रियसभा विद्वत्वर्गको सभा हो । लामो समय राजनीतिक योगदान गरेका व्यक्ति यहाँ छन् । यहाँ धनी र ठेकेदारका छोराछोरी कोही छैनन् । सहारा चाहिने बेलामा सुविधा कटौती गरेर बेसहारा बनाइएको छ,' उनले भने । त्यस्तै, टुक्रे आयोजना कटौतीका नाममा सरकारले विकास विरोधी काम गरेको पनि उनको जिकिर छ । बजेटका योजना तथा कार्यक्रम कटौती गरेर करिब १ खर्ब २० अर्ब बराबर जोगाइएको भने पनि यसले विकास निर्माणका काम र मुलुकको समग्र आर्थिक अवस्थामा प्रतिकूल असर देखिने उनको भनाइ छ ।

सांसद शारदादेवी भट्टले अहिलेको सरकारले राष्ट्रियसभा सांसदको स्वकीय सचिवको सुविधा खोसेको तर सरकारमा रहेका व्यक्तिले भने त्यस्तो सुविधा लिएर आफैँमाथि नैतिकताको प्रश्न खडा गरेको बताइन् । 'प्रधानमन्त्री आफूले स्वकीय सचिव राख्ने तर हामी सांसदको खोसिएको छ,' उनले भनिन् । सांसदहरूले विमानस्थलमा अतिविशिष्ट कक्ष प्रयोग गर्न नपाएको प्रति पनि उनको गुनासो थियो । सांसद उर्मिला अर्यालले अहिलेको सरकारले बदलाको भावले प्रेरित भएर बजेट कटौती र सेवा सुविधा खोस्ने निर्णय गरेको आरोप लगाइन् । 'पूर्वाधार निर्माणका लागि छुट्याइएको बजेट कटौती भएको छ । बजेट कटौती गर्नु भनेको सांसदप्रति बदलाको भावनाजस्तो हुन्छ । यस्तो नहोस्,' उनले भनिन् ।

राष्ट्रियसभाका सांसदहरूले पनि विभिन्न समयका राजनीतिक परिवर्तनका लागि योगदान दिएको बताउँदै अहिलेको सरकारले त्यसको सम्मान गर्न नसकेको बताए । त्यस्तै, काम सुरु भइसकेका आयोजनामा बजेट कटौती हुँदा त्यसले थप समस्या सृजना गरेको उनीहरूको भनाइ छ । जेनजी आन्दोलनका घाइतेको सही व्यवस्थापन र रेखदेख भए-नभएकोबारे पनि उनले सरकारसँग प्रश्न गरे ।

सांसदहरूको जबाफमा अर्थमन्त्री रामेश्वरप्रसाद खनालले सरकारका कामप्रति अनावश्यक शंका-उपशंका र लाञ्छना लगाउने काम भएको प्रतिक्रिया जनाए । 'लाञ्छना लगाउने शैलीमा केही विषय आएका छन् । यसमा म के स्पष्ट गर्न चाहान्छु भने, नेपाल सरकारको बजेट बचाएर अर्थमन्त्री र सचिवको कम्पनीमा लगानी भएको छैन । यो गलत हो । यदि हामीले गलत गरेका रहेछौँ भने अख्तियारलगायतका निकायले हेर्ने नै छन्,' अर्थमन्त्री खनालको भनाइ थियो, 'सामाजिक सञ्जालतिर आएका र हल्लाका भरमा अनावश्यक लाञ्छना लगाउन भएन । हामीलाई सोधेको भए वास्तविकता के हो भन्थ्यौँ । सार्वजनिक रूपमा लाञ्छना लगाउनुअघि त्यो साँचो हो वा होइन भनेर आफैँ पनि सोधखोज गर्नुपर्थ्यो ।'

सुशासन कायम गर्न र सरकारको कोषलाई व्यवस्थित गर्न यी कदमहरू चालिएको बताउँदै अर्थमन्त्री खनालले मापदण्डबमोजिम र कानुनले व्यवस्था गरेका कुनै पनि सेवा सुविधा कटौती नभएको स्पष्ट पारे । राष्ट्रियसभा सांसदहरूलाई स्वकीय सचिवलगायतका सेवा सुविधा दिने हो भने कानुन बनाएर जान सकिने पनि उनको भनाइ थियो । 'म आफैँले स्वकीय सचिव लिएको छैन । घरमा सुरक्षाकर्मी पनि छैनन् । स्वकीय सचिव नभइकन काम गर्न सकिँदैन भने कानुन बनाएर अनुसूचीमा थप गरेर जान सकिन्छ,' अर्थमन्त्री खनालले भने ।

चालु आर्थिक वर्षको बजेटका केही योजना तथा कार्यक्रम कटौती गर्नुमा मुख्यतः बजेट अनुशासन र मितव्ययिता कायम गर्नु ध्येय रहेको उनको भनाइ छ । 'पूर्वतयारी नभएका, शक्ति र पहुँचका आधारमा अन्तिम समयमा बजेटमा परेका योजना कटौती गरिएको हो । कतिपय मन्त्रालय स्वयंले कार्यान्वयन गर्ने क्षमताभन्दा ३ गुणा बढी आयोजना बजेटमा परेका छन्,' अर्थमन्त्री खनालले भने । 'अहिले संघीय सरकारको सञ्चित कोष २ खर्ब ३६ अर्ब रुपैयाँ घाटामा छ । प्रदेश र स्थानीय तहले खर्च गर्न नसकेको रकमले कोष व्यवस्थापन भइरहेको छ ।'

ठेक्का प्रक्रियामा गइसकेका योजना तथा कार्यक्रमको भने बजेट फुकुवा गरिने उनले उल्लेख गरे । 'यदि कटौतीमा परेको कुनै योजना टेन्डर प्रक्रियामा गइसकेको छ भने मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस)मा खुला हुन्छ । अहिले पनि करिब १६ अर्ब रुपैयाँ जति फुकुवा भइसकेको छ,' अर्थमन्त्री खनालले भने ।

अहिलेको सरकारले सकेसम्म आगामी सरकारलाई दायित्व थप्ने गरी काम नगर्ने, पूरक बजेट नल्याउने र दीर्घकालीन दायित्व सृजना नगर्ने गरी काम गरिरहेको अर्थमन्त्री खनालको भनाइ छ । त्यस्तै, आगामी २१ फागुनका लागि तय भएको प्रतिनिधिसभा निर्वाचनका लागि खर्च जोहो गर्नुपर्ने र त्यसका लागि विद्यमान बजेटभित्रै स्रोत खोज्नुपर्ने भएकाले अर्थ मन्त्रालयको समस्या पनि सांसदहरूले बुझिदिनुपर्ने उनको आग्रह थियो ।

# नेपालको विकास प्रयासमा सक्दो सहयोग गर्ने थाइल्यान्डको प्रतिबद्धता




■ सौर्य समाचार

काठमाडौँ । नेपालस्थित थाइल्यान्डका कार्यवाहक राजदूत मामुसाभी मौसाकुलले नेपालको विकास प्रयासमा थाइल्यान्डले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । थाइल्यान्डको राष्ट्रिय दिवसका अवसरमा बुधबार काठमाडौँमा आयोजित कार्यक्रममा राजदूत मौसाकुलले थाइल्यान्ड र नेपालका बौद्ध सम्पदाले २ देशबीचको जनस्तरको सम्बन्धलाई अझ सुदृढ बनाएको बताए । नेपालको कृषि क्षेत्रको उन्नयनका निम्ति थाइल्यान्डले यथासम्भव सहयोग गर्दै आएको बताउँदै उनले हालै जैविक कृषिबारेमा नेपाली किसानलाई प्रशिक्षण दिइएको जानकारी दिए ।

त्यस अवसरमा परराष्ट्र मन्त्रालयका निमित्ति सचिव कृष्णप्रसाद ढकाल, यहाँस्थित कूटनीतिक नियोगका प्रमुख तथा पदाधिकारी, कामको सिलसिलामा यहाँ रहेका थाई नागरिक, उद्यमी, व्यवसायी तथा वरिष्ठ सञ्चारकर्मीको उपस्थिति थियो ।

# १ करोड २५ लाखभन्दा बढी ठगी गर्नेसहित ३ जना पक्राउ

■ सौर्य समाचार

काठमाडौँ । वैदेशिक रोजगारीका नाममा आकर्षक तलबको लोभमा फसाएर ठगी हुनेक्रम बढिरहेको छ । काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार यसरी ठगीएको भनेर कार्यालयमा दैनिक ४-५ वटा उजुरी आउने गरेको छ । कार्यायलका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले उजुरीको छानबिन गरी पक्राउ गर्ने र कानुनी दायरामा ल्याउने अभियानमा टोली नै परिचालन गरिएको र केही परिणाम आइरहेको बताए । उनले बुधबार मात्रै करोडौँ ठगीको आरोपमा ३ जनालाई पक्राउ गरी कारबाहीका लागि प्रहरी कार्यालयमा पठाइएको बताए । उनले भने, 'तर उजुरी आइरहेको र यसरी रोजगारीका नाममा भएका ठगिका घटना बढ्दो नै छ ।'

सूचना अधिकारी आचार्यले पीडितबाट १ करोड २५ लाख बढी ठगी गरेका १ व्यक्तिलाई पक्राउ गरी अनुसन्धान थालिएको बताए । यसरी पक्राउ पर्नेमा चितवन कालिका नगरपालिका घर भई हाल ललितपुर बस्ने श्यामचन्द्र अधिकारी रहेका छन् । अल्बानिया, अजरबैजान मेमोडोनिया सर्बियालगायतका देशहरू पठाउने भनी मानिसबाट १ करोड २५ लाख ७८ हजार रुपैयाँभन्दा बढी पैसा उठाएर ठगी गरेको उजुरीमा अधिकारीलाई पक्राउ गरिएको हो ।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार यसरी ठगी गर्ने अन्य २ जनालाई पक्राउ गरी अनुसन्धान थालिएको छ । नवलपरासी घर भई हाल काठमाडौँ बस्ने दिलबहादुर सारु मगरले सर्बिया पठाउने भनेर ४ लाख ५० हजार रुपैयाँ ठगी गरेको उजुरीपछि उनलाई पक्राउ गरिएको हो ।

त्यस्तै सर्लाही घर भई ललितपुरका चन्द्रभूषण प्रसादलाई ३ लाख ८० हजार रुपैयाँ ठगीको आरोपमा पक्राउ गरिएको छ । सूचना अधिकारी आचार्यका अनुसार अब्लानिया पठाउने भनेर रकम ठगी गरेको पीडितको जाहेरीका आधारमा उनलाई पक्राउ गरिएको छ । उनीहरू तीनै जनालाई आजै थप अनुसन्धान तथा कारबाहीका लागि सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा पठाइएको प्रहरी उपरीक्षक आचार्यले जानकारी दिए ।

## प्रहरीलाई कुटपिट गरी लुटपाट गर्ने २ पक्राउ

यस्तै, काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले प्रहरीलाई कुटपिट गरी लुटपाट गर्ने २ जनालाई पक्राउ गरेको छ । कार्यालयले गत भदौ २४ गतेको जेनजी प्रदर्शनीका क्रममा काठमाडौँ महानगरपालिका-२४ विशालबजारमा जनसेवाबाट खटिएका प्रहरीलाई घेराबन्दी तथा कुटपिट गरी धनमाल लुटपाटमा संलग्न २ जनालाई पक्राउ गरी बुधबार सार्वजनिक गरेको हो । पक्राउपर्नेमा काठमाडौँ महानगरपालिका-२० चिकमुगल बस्ने ४१ वर्षीय नीरज चित्रकार र काठमाडौँ महानगरपालिका-१० दमाईंटोल बस्ने ४० वर्षीय राजकुमार क्षेत्री रहेका छन् । कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक (एसपी) काजीकुमार आचार्यले 'ड्युटी'मा खटिएका प्रहरीलाई घेराबन्दी गरी प्रहरीका साथमा रहेको धनमाल लुटेको आरोपमा उनीहरूलाई पक्राउ गरिएको जानकारी दिए ।

पक्राउ परेका नीरज चित्रकार विरुद्धमा यसभन्दा अगाडि पनि ज्यान मार्ने मुद्दामा प्रहरीवृत्त जनसेवा न्युरोडमा मुद्दा चलेको अनुसन्धानमा खुलेको छ । पक्राउ उनीहरूलाई आवश्यक अनुसन्धान र कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौँ पठाइएको प्रवक्ता आचार्यले बताए ।


**मेलौली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेलौली, बैतडी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**क्याटलग सपिङ विधिबाट यान्त्रिक उपकरण (ट्र्याक्टर) खरिद गर्ने सम्बन्धी सूचना**

**प्रकाशित मिति: २०८२/०८/१८**

यस मेलौली नगरपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक बजेट अनुसार कार्यालय प्रयोजनका लागि देहाय बमोजिम बिवरण भएको यान्त्रिक उपकरण सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १को (क)(८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ख, बमोजिम उत्पादक वा सोको आधिकारिक बिक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिवाट खरिद गर्नुपर्ने भएको हुँदा इच्छुक उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताले कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आधिकारिक बिक्रेताको प्रमाणपत्र, आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाणपत्र लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपि समाबेश गरी सोही नियमावलीको नियम ३१ख, उपनियम २ बमोजिम यान्त्रिक उपकरण (ट्र्याक्टर) को आधिकारिक स्पेसिफिकेशन, गुणस्तर, मुल्य र सुविधा सहितको बिवरण (क्याटलग वा ब्रोसर) संलग्न गरी मिति २०८२/०९/०२ गते दिउसो १२ बजे भित्र देहायको यान्त्रिक उपकरणको शिलबन्दी निवेदन/ प्रस्ताव दर्ता गराउनहुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।नियमानुसार पेश हुन आएका प्रस्तावहरु मिति २०८२/०९/०२ गते दिनको १ बजे यस मेलौली नगरपालिका कार्यालय, मेलौली, बैतडीमा खोलिने ब्यहोरा जानकारी गरिन्छ ।

**देहायः**

| प्याकेज/दरभाउ पत्र नं. | सवारी साधन/खरिदको विवरण | संख्या | कागजात प्राप्त गर्ने तथा प्रस्ताव पेश गर्ने कार्यालय र स्थान |
|---|---|---|---|
| 05/CS/G/2082/083 | Supply and Delivery of Right Hand Drive (RHD) and Four-Wheel Drive(4WD) Tractor (As per approved Specifications) | १ थान | मेलौली नगरपालिका कार्यालय मेलौली बैतडी, इमेलः ito@melaulimun.gov.np फोनः९८५८७८३९४०, ९८४८७१९२४६ |



**Badigad Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Gwalichaur, Baglung**
**Gandaki Province**

**Invitation for Sealed Quotation**

**Date of publication: 04/12/2025 AD (2082/08/18 B.S)**

1. Badigad Rural Municipality, Baglung invites Sealed Quotations from eligible bidders for the Procurement and delivery of Medicine .

| S. N. | Contract No./ID | Name of Contract | Bid Document Fee (NRs.) | Bid Security (NRs.) | Estimated Amount (NRs.) | Bid Validity Period |
|---|---|---|---|---|---|---|
| | BRM/SQ/G/ 02/2082/ 83 | Procurement and delivery of Medicine to operate Badigad Basic Hospital. | 1,000.00 | 25,000.00 | 10,00,000.00 | 45 days |
| Deadline for Bid Submission: 19/12/2025 till 12.00 hrs | | | | | | |
| Date/Time/Place of Bid Opening | 19/12/2025 till 13.00 hrs, at Badigad Rural Municipality, Gwalichaur | | | | | |
| Account No. for Bid documents purchase | Name of Bank: Prabhu Bank Ltd.<br>Name of Office : Badigad Rural Municipality, Gwalichaur<br>Account Number :- 1420115804700071 ( Rajaswa Khata) | | | | | |
| Account No. for Bid security deposit | Name of Bank: Prabhu Bank Ltd.<br>Name of Office : Badigad Rural Municipality, Gwalichaur<br>Account Number :- 1420115804700041 (Dharauti Khata) | | | | | |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Badigad Rural Municipality, Baglung or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case, the validity period of the bid security shall remin the same as specified for the original last date of bid submission.
4. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning reasons, whatsoever.

**Chief Administrative Officer**